अपिहिमाल गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ०७ संख्या : ३५ मिति : २०८०/११/३०

भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अपिहिमाल गाउँपालिकाको पर्यटन प्रवर्द्धन, व्यवस्थापन तथा संचालन कार्यविधि, २०८०

<u>गाउँ कार्यपालिकाबाट स्वीकृत मिति</u>

**२०८०।११।२९**

<u>प्रस्तावना</u>: पर्यटकीय पूर्वाधार तथा सम्पदाहरुको विकास, विस्तार, संरक्षण, सम्बर्द्धन र प्रवर्धन गरी सामाजिक, सांस्कृतिक, आर्थिक, संस्थागत, वातावरणीय, सूचना प्रविधि सहितको दिगो पर्यटकीय प्रवर्द्धन, विकास, व्यवस्थापन तथा संचालन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा अपिहिमाल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यवधिको नाम "अपिहिमाल गाउँपालिकाको पर्यटन प्रवर्द्धन, व्यवस्थापन तथा संचालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

अपिहिमाल गाउँपालिका

(क) "सभा" भन्नाले गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्भझनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको गाउँ अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(छ) "कार्यालय" भन्नाले अपिहिमाल गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा कार्यालय तथा गाउँपालिकाको एकिकृत पर्यटन सूचना केन्द्र समेतलाई जनाउदछ ।

(ज) "पर्यटक" भन्नाले स्वदेशी तथा विदेशी मुलुकबाट भ्रमणका लागि गाउँपालिका क्षेत्र भित्र आउने नेपाली तथा गैर नेपाली नागरिकलाई सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले दफा ३ र ६ बमोजिम गठन भएको कार्यकारी समितिलाई सम्झनु पर्दछ ।

(ञ) "पर्यटन व्यवसाय" भन्नाले पर्यटकको माध्यमबाट सञ्चालन गरिने व्यवसाय, पर्यटकहरूका निमित्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिवहनका सेवा तथा सुविधा पुऱ्याउने कारोबार, पर्यटकहरूलाई नेपाल भित्र वा नेपाल बाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रूपमा परिवहन, बसोबास, शहरी वा ग्रामिण क्षेत्रमा गर्ने भ्रमणको व्यवस्था, होटल, साँस्कृतिक पार्क, लज रेष्टुरेन्ट सेवा, घरबास (होमस्टे), टी-हाउस (चिया पसल), दृश्यावलोकन, पथ प्रर्दशन, पर्वतारोहण,पदयात्रा, जलयात्रा, धार्मिक, सांस्कृतिक, खेलकूद, शैक्षिक, स्वास्थ्य, कृषि तथा अन्य साहसिक एवं मनोरञ्नात्मक सेवा पुऱ्याउने र सो वापत स्वदेशी तथा विदेशी मुद्रा आय आर्जन गर्ने प्रकृतिका कारोबार, पर्यटकहरूलाई पूर्ण वा आंशिक रूपमा खुद्रा वस्तुहरू विक्री गर्ने कारोवार, पर्यटकहरूलाई आर्कषित गर्नका निमित्त पूर्ण वा आंशिकरूपमा साहित्य कला, संस्कतिको प्रस्तुति वा अन्य कुनै प्रर्दशनी, आयोजना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेला, प्रचार, प्रसार अभियान संचालन गर्ने कार्यलाई समेत सम्झनुपर्छ ।

(ट) "आवास गृह" भन्नाले गाउँपालिकाको पर्यटकीय क्षेत्र वा पर्यटकीय पदमार्गमा निर्माण भएका वा निर्माण हुने पर्यटकहरूको बास बस्न प्रयोजनका लागि बनाइएका अस्थायी तथा स्थायी भवन सम्झनु पर्दछ ।

(ठ) "पर्यटकीय पूर्वाधार" पर्यटनको प्रवर्द्धन, विकास एवं विस्तारका लागि निर्माण गरिएका र निर्माण गरिने पूर्वाधार सम्झनु पर्दछ।

(ड) "कोष" भन्नाले गाउँपालिकाको पर्यटन क्षेत्रको प्रवर्द्धन, विकास, व्यवस्थापन, पर्टकीय पूर्वाधारको निर्माण तथा मर्मत सम्भारका लागि दफा १४ बमोजिम स्थापना भएको कोष सम्झनु पर्दछ ।

## परिच्छेद-२

## समिति गठन र व्यवस्थापन

३. **पर्यटन प्रवर्द्धन समिति** : (१) गाउँपालिकाको पर्यटन प्रवर्द्धन, विकास, व्यवस्थापन तथा संचालन गर्न एक पर्यटन प्रवर्द्धन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन समितिमा देहायका सदस्यहरू रहनेछन् ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) कार्यपालिकाले तोकेको गाउँ सभाको सदस्य मध्ये एक जना महिला सहित तीन जना -सदस्य

(ङ) कार्यपालिकाले तोकेको पर्यटन व्यवसायी मध्येबाट एक महिला सहित दुई जना -सदस्य

(च) गाउँ कार्यपालिकाले तोकेको पर्यटन क्षेत्रको विशेषज्ञ -सदस्य

(छ) गाउँपालिकाको पर्यटन क्षेत्र हेर्ने गरी तोकिएको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिम मनोनित सदस्यहरूको पदावधी तीन वर्षको हुनेछ ।

(४) समितिले आवश्यक देखेमा कुनै स्वदेशी विषय विज्ञ, सल्लाहकार वा पर्यटन व्यवसायसँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन ।

४. **समितिको उद्देश्य** : समितिका उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिका क्षेत्र भित्र रहेका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक पर्यटन क्षेत्र वा स्रोत सम्पदाको पहिचान गरी तिनको उचित संरक्षण र सम्र्बद्धन गर्दै पर्यटनको विकास गर्ने।

(ख) गाउँपालिका क्षेत्रलाई एक आकर्षक पर्यटन स्थलका रूपमा विकास गर्न पर्यटकीय वस्तुहरुको विविधिकरण गरी पर्यटन बजारमा ब्राण्डिङ्ग गराउने ।

(ग) गाउँपालिका भित्रको मौलिक ब्राण्डको पर्यटन व्यवसायको विकास, विस्तार र प्रर्वद्धनद्वारा स्थानीय उत्पादन उपयोग तथा आय तथा रोजगारीका अवसरहरूको सृजना गर्ने ।

(घ) गाउँपालिकाको क्षेत्रलाई सुरक्षित, भरपर्दो तथा गुणात्मक पर्यटन स्थलका रूपमा विकास गर्न पर्यटन व्यवसायलाई मर्यादित रुपमा संचालन गरी दिगो ब्यवस्थापनमा जोड दिने।

(ङ) गाउँपालिकाको क्षेत्रमा दीगो पर्यटन विकास गर्न, पर्यटकहरूलाई गुणात्मक सेवा प्रदान गर्न, पर्यटन व्यवसायमा देखिने नकरात्मक प्रभावलाई न्यूनीकरण गर्न आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने ।

(च) नयाँ पर्यटन गन्तव्यहरूको पहिचान, विकास र विस्तार गरी पर्यटन प्रवर्द्धन गर्ने,

(छ) पर्यटन गन्तव्यहरुको दिगो उपयोगका लागि वातावरण संरक्षण सम्बन्धी कार्यहरू गर्ने गराउने,

(ज) गाउँपालिकाको क्षेत्रमा पर्यटन व्यवसायको दीगो विकास एवं विस्तारका लागि आवश्यक संस्थाहरूको स्थापना र संस्थागत विकासमा सहयोग पुऱ्याउने ।

(झ) पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक तथा साँस्कृतिक श्रोत साधनको उपयोग गर्दा वातावरण संरक्षण तर्फ उचित ध्यान दिदै स्रोत साधानको दीगो व्यवस्थापनमा जोड दिने ।

(ञ) बहु भाषी, बहु धार्मिक, बहु सांस्कृतिक सम्पदा, परम्परा र पहिचानलाई संरक्षण गरी पर्यटन प्रवर्द्धनको श्रोतको रुपमा विकास गर्ने ।

५. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रर्बद्धन तथा संरक्षण गर्ने सम्बन्धमा पर्यटकीय पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार, जनशक्ति विकास र पर्यटकीय

स्थलहरूको पर्यावरण संरक्षण गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) पर्यटकहरूका लागि सुविधा वृद्धि गर्ने, कार्यक्रमको तर्जुमा गर्ने कार्यमा संलग्न भई गाउँपालिका क्षेत्रलाई आर्कषक पर्यटकीय स्थलका रूपमा विकसित गर्ने ।

(ग) पर्यटकहरूलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरूका क्रियाकलापहरूमा समन्वय, सहकार्य कायम गर्ने गराउने ।

(घ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरू तयार पारी सोही अनुसार पर्यटकीय विकाससँग सम्बन्धित कायक्रमहरू कार्यान्वयन गर्ने, गराउने ।

(ङ) पर्यटन व्यवसाय विकास, विस्तार र प्रर्वद्धन गर्नका लागि पर्यटन सम्बन्धी विविध क्रियाकलापहरूमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने, गराउने ।

(च) पर्यटनसँग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरूको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटकहरूलाई गाउँपालिका क्षेत्रका धार्मिक र सांस्कृतिक महत्वका स्थलहरू, उच्च पहाडी श्रृङखलाहरू तथा मनोरम प्राकृतिक सौन्दर्यका दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्प्रेरित गर्ने ।

(छ) गाउँपालिका क्षेत्रलाई एक साहसिक तथा आर्कषक पर्यटकीय केन्द्रका रूपमा विकसित गर्दै लैजाने र जल, स्थल र वायु तथा धार्मिक क्षेत्रमा आधारित मनोरञ्जनात्मक तथा साहसिक खेल पर्यटन सम्बन्धी क्रियाकलापहरूलाई मौलिक साँस्कृति र परम्परामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिकाका विभिन्न भागहरूमा सञ्चालन गर्ने, गराउने र त्यस्ता साहसिक पर्यटन सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(ज) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा-सम्मेलन, व्यापार मेला, सांस्कतिक तथा यूवा महोत्सव, खेलकूद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा प्रर्वद्धनात्मक, पर्यटकीय उत्पादनसँग सम्बन्धित क्रियाकलाप सञ्चालनमा वृद्धि गर्न, त्यस्ता क्रियाकलापहरु सफल सञ्चालन गर्न र निजी क्षेत्रलाई समेत त्यस्ता क्रियाकलापहरू संचालन गर्न प्रोत्साहित गर्ने ।

(झ) ऐतिहासिक महत्व भएका स्थलहरू तथा मठ-मन्दिर, गुम्बा पाटीपौवाहरूको संरक्षण सम्बन्धी विविध क्रियाकलापहरूमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने, गराउने ।

(ज) पर्यटकीय पूर्वाधार तथा सुविधाहरूको सुदृढीकरण गर्दै नयाँ पर्यटन स्थलहरूको विकासका लागि ग्रामीण पर्यटकीय स्थलहरूका विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय ग्रामीण समुदायलाई घरबास कार्यक्रम (होमस्टे) का लागि उत्प्रेरित गर्ने ।

(ट) नयाँ पर्यटकीय स्थलहरूको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्दै ग्रामिण भेगका वडाहरुमा ग्रामिण पर्यटन उपकेन्द्र बनाउन आवश्यक कार्य गर्ने, गराउने ।

(ठ) धार्मिक तीर्थस्थलहरूको संरक्षण तथा सम्बर्द्धन गरी धार्मिक पर्यटकीय विकास गर्नका लागि धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूमा पर्यटकहरू बढी आर्कषित हुने गरी सुविधाहरू विस्तार गर्नका साथै त्यस्ता स्थलहरूलाई अन्तर्राष्ट्रिय धार्मिक केन्द्रका रूपमा विकसित गर्ने, गराउने ।

(ड) पर्यटन प्रर्वद्धनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा सांकृतिक एवं पर्यटकीय क्षेत्र बीच पर्यटन भगिनी सम्बन्ध स्थापित गर्ने ।

(ढ) समितिको उद्देश्य प्रासिका लागि नेपाल सरकारको स्वीकृति लिई पर्यटकीय क्षेत्रको विकास गर्न अन्तराष्ट्रिय संघ संस्थाहरूसँग सम्झौता गर्ने ।

(ण) छिमेकका अन्य पालिकाहरूसँग समन्वय गरी पारस्परिक लाभमा आन्तरिक पर्यटन सम्बन्धी गतिविधिहरूमा अभिवृद्धि गर्ने ।

(त) पर्यटन जनचेतनाका लागि विभिन्न तहमा प्रचार, प्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(थ) पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा सुविधाहरूलाई स्तरीय बनाई पर्यटकहरूका सुरक्षाका लागि समेत विशेष व्यवस्था गर्ने ।

(द) पर्यटकीय सेवा र सुविधाहरूमा गुणस्तर वृद्धि गर्नका लागि पर्यटन व्यवसायीहरूलाई आवश्यक आचार संहिता बनाई लागू गर्ने ।

(ध) पर्यटन व्यवसायमा संलग्न रहेका व्यक्ति वा संस्थाहरूलाई प्राविधिक ज्ञान प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्ने सम्बन्धमा आवश्यक तालिम तथा प्रशिक्षण दिने कार्यमा सहयोग पुऱ्याउने ।

अपिहिमाल गाउँपालिका

(न) पर्यटन व्यवसायको विकास गर्नको लागि नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सुझाव तथा परार्मश लिने ।

(प) पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई पर्यटनसँग सम्बन्धित विषयहरूका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने, गराउने ।

(फ) सांस्कृतिक ग्राम निर्माण गर्ने र उत्कृष्ट ग्रामहरुलाई थप लगानी गर्ने ।

(ब) स्वदेशी पर्यटकहरूलाई आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउनको लागि सहयोग गरी आन्तरिक पर्यटन विकासमा सहयोग पु¥याउने ।

(भ) पर्यटकीय खेलकूदको लागि आवश्यक व्यवस्था मिलाउने ।

(म) गाउँपालिका क्षेत्रमा रहेको सामुदायिक वनसँग समन्वय गरी पर्यटन प्रर्वद्धन र विकासको कार्यक्रमहरु गर्ने ।

(य) पर्यटकहरूको लागि आवश्यक सुरक्षा व्यवस्था तथा स्वास्थ्य सुविधा मिलाउन समन्वय गर्ने ।

(र) पर्यटन व्यवसायसँग सम्बन्धित निकायहरूले अपनाउनु पर्ने गुणस्तरलाई नियमित गरी त्यस्ता गुणात्मक सेवा प्रदान नगर्ने निकायहरूलाई प्रचलित कानूनमा तोकिएको मापदण्ड एवं अनुमति बिना कार्य गरेको पाइएमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(व) पर्यटन प्रवर्द्धनसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने गराउने ।

६. **<u>वडा पर्यटन प्रर्वद्धन समिति गठन गर्न सक्ने</u>** : (१) समितिको उद्देश्य प्रासिका लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थितरूपले सञ्चालन गर्न, गराउन र समितिका सम्पूर्ण काम कारवाहीहरूको रेखदेख तथा प्रबन्ध गर्नका लागि एक वडा पर्यटन प्रर्वद्धन समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः

(क) अध्यक्ष, सम्बन्धित वडा समिति -संयोजक

(ख) वडा सदस्य मध्येबाट वडा समितिले तोकेको एक जना महिला सहित दुई जना -सदस्य

(ग) वडा स्थित पर्यटन व्यवसायी मध्येबाट वडा समितिले तोकेको एक जना -सदस्य

(घ) वडा स्थित होमस्टे संचालकहरू मध्ये वडा समितिले तोकेको एक जना महिला सहित दुई जना -सदस्य

(ङ) वडा सचिव -सदस्य साचिव

७. **<u>वडा पर्यटन प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार</u>** : वडा पर्यटन प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आन्तरिक पर्यटनको विकास र विस्तारमा जोड दिने,

(ख) घर बास (होम स्टे भिलेज टुरिजम) कार्यक्रमलाई प्रोत्साहन गर्ने,

(ग) एक गाउँ एक उत्पादनको पहिचान र पवर्द्धन गर्ने,

(घ) स्थानीय सस्कृतिको जर्गेना र विकास गर्ने,

(ङ) पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्ने,

(च) पर्यटकीज आवास भवनको रेखदेख संरक्षण तथा संचालनमा समन्यव गर्ने,

(छ) पर्यटकीय आवास भवनको मर्मत संभार गर्नु पर्ने भएमा कार्यालयलाई सिफारिस गर्ने,

(ज) गाउँपालिका पर्यटन प्रवर्द्धन समितिले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद-३

## <u>पर्यटन आवास गृहको सञ्चालन तथा व्यवस्थापन</u>

८. **<u>पर्यटन आवास गृहको निर्माण</u>** : (१) गाउँपालिका भित्रको पर्यटन क्षेत्रमा जाने पदमार्ग तथा पर्यटकीय स्थलहरुमा पर्यटन आवास गृहको निर्माण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम पर्यटन आवास गृह निर्माण गर्न संघ तथा प्रदेश सरकार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग साझेदारी, सहकार्य र समन्वय गरिनेछ ।

(३) उपदफा (१) बमोजिम निर्माण भएका पर्यटन आवास गृहको सुरक्षा संरक्षण दफा ३ र ६ बमोजिमको समितिले गर्नेछ । पर्यटन आवास गृहको सुरक्षा र संरक्षण गर्नु सबैको कर्तव्य हुनेछ ।

९. **<u>पर्यटन आवास गृहको व्यवस्थापन</u>** : (१) पर्यटन आवास गृहको व्यवस्थापन दफा ३ र ६ बमोजिमको समितिले गर्नेछ ।

(२) पर्यटन आवास गृहको गाउँपालिकाले आफ्नै व्यवस्थापनमा वा स्थानीय संस्था वा पर्यटनसँग सम्बन्धित विशिष्टकृत संस्थासँगको साझेदारी र सहकार्यमा गर्न सक्नेछ ।

१०. **<u>पर्यटन आवास गृहको संचालन</u>** : (१) पर्यटन आवास गृहको संचालन दफा ६ बमोजिमको समितिले संचालक समितिको रूपमा रहि गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्यटन आवास गृहको संचालन गर्न गैरसरकारी वा निजी क्षेत्रसँगको साझेदारीमा संचालन गर्न सक्नेछ ।

११. **वहालमा लगाउन सकिने** : (१) गाउँपालिका भित्रका पर्यटन पदमार्गमा निर्माण भएका पर्यटन आवास गृहलाई वहालमा लगाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम बहालमा लगाउन कार्यालयले प्रस्ताव मागका लागि पन्ध्रको दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । प्रस्ताव मागको सूचनाको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुने प्रस्तावको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावसँग अनुसूची-३ बमोजिमका कागजात पेश गर्नुपर्नेछ ।

(५) यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि पहिलो पटकका लागि पर्यटन आवास गृहको बहाल र सम्झौता सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(६) दफा ११, १२ र १३ मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले सालवसाली रूपमा तयार गर्ने आर्थिक ऐनमा पर्यटन आवास गृहको वहाल रकम तोकी उठाउन सक्नेछ ।

१२. **प्रस्ताव मूल्यांकन समिति** : (१) दफा ११ को उपदफा (२) बमोजिम पेश हुने प्रस्तावको छनौट गर्न एक समितिको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछनः-

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) संयोजक, आर्थिक विकास समिति -सदस्य

(ग) सम्बन्धित आवास गृह रहेको वडाको वडा अध्यक्ष -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) पर्यटन क्षेत्र हेर्ने गरी तोकिएको कर्मचारी -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिले पेश भएका प्रस्तावहरूको मूल्यांकन गरी सबैभन्दा बढी बहाल रकम कबोल गर्ने प्रस्तावकको छनौट गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम छनौट भएको प्रस्तावकसँग अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

(५) उपदफा (३) छनौट भएको प्रस्तावकलाई छनौट भएको जानकारी सहित सात दिनभित्र उपदफा (४) बमोजिमको सम्झौता गर्न आउनका लागि सूचना दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको समयावधी भित्र छनौट भएको प्रस्तावक सम्झौता गर्न नआएमा दोस्रो नम्बरमा रहेको प्रस्तावकसँग सम्झौता गर्न बाधा पर्नेछैन।

(७) उपदफा (४) बमोजिम हुने सम्झौताको अवधि पाँच वर्ष भन्दा बढी हुने छैन ।

(८) उपदफा (२) बमोजिमको समितिको कार्यविधि आफैले निर्धारण गरे अनुसार हुनेछ ।

१३. **प्रस्ताव मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार** : प्रस्ताव मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पर्यटकीय आवास गृहको वहालका लागि सूचना प्रकाशन गर्ने, गराउने,

(ख) पेश भएका प्रस्तावहरूको मूल्यांकन गर्ने,

(ग) प्रस्तावको छनौट गर्ने,

(घ) छनौट सम्बन्धी अन्य आवश्यक कार्य ।

## परिच्छेद-४

## पर्यटन प्रवर्द्धन कोष स्थापना, सञ्चालन र प्रयोग

१४. **कोष स्थापना** : (१) गाउँपालिका क्षेत्रभित्रको नियमित पर्यटन प्रवर्द्धन, विकास, व्यवस्थापन तथा पर्यटन पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गरी संरक्षण एवम् संवर्द्धन कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम जम्मा गरिनेछ।

(क) गाउँपालिकाबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त अनुदानको रकम,

(ग) प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम,

(घ) नेपाल पर्यटन बोर्डबाट प्राप्त अनुदानको रकम,

(ङ) गैर आवासीय नेपाली, अन्तर्राष्ट्रिय संघ, संस्था र दाताहरुबाट प्राप्त रकम,

(च) दान पेटीकामा जम्मा भएको रकम,

(छ) कोषको आफ्नै आम्दानीबाट प्राप्त रकम,

(ज) व्यवस्थापन तथा सेवा शुल्क वापत प्राप्त रकम,

(झ) पर्यटन र संस्कृतिसँग सम्वद्ध संस्थाहरुबाट प्राप्त रकम,

(ञ) स्वदेशी विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था, सामुदायिक संस्थाबाट प्राप्त रकम,

(ट) दफा १८ बमोजिम जरिवाना वापतको रकम ।

(३) कोषको रकम कार्यपालिकाले तोकेको बैङ्क खातामा जम्मा गरिनेछ। कोषमा जम्मा भएको रकम यसै कार्यविधि बमोजिम खर्च गरिनेछ ।

(४) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**१५.** **कोषको संचालन** : (१) कोषको संचालन तथा व्यवस्थापन दफा ३ बमोजिमको समितिबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार दफा ५ बमोजिम हुनेछ ।

**१६.** **कोषको प्रयोग** : कोषको प्रयोग गाउँपालिका र अन्य सरकारी निकायहरूबाट गाउँपालिका क्षेत्रभित्र पर्यटन संरचना, पर्यटन प्रवर्द्धन लगायतका अन्य पर्यटकीय भौतिक पूर्वाधार एवम् सार्वजनिक सम्पत्तिहरूको मर्मत सम्भार तथा आकस्मिक एवम् विपत्तिबाट क्षति भएको पर्यटकीय पूर्वाधारको मर्मत सम्भारको लागि प्रयोग गरिनेछ।

## परिच्छेद-४

## विविध

**१७.** **समितिको सिफारिस अनिवार्य हुने** : (१) गाउँपालिकामा पर्यटन व्यवसायसँग सम्बन्धित कुनै व्यवसाय सञ्चालन गर्न समितिको सिफारिस लिई अनुमतिका लागि सम्बन्धित निकायमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रकृया नपुऱ्याई व्यवसाय संचालन गरेमा त्यस्तो व्यवसाय गर्नेलाई दफा १८ बमोजिम जरिवाना हुनेछ ।

**१८.** **जरिवाना** : (१) यस कार्यीविधि बमोजिम सिफारिस नलिई कसैले पर्यटन व्यवसाय संचालन गरेमा वा सो सम्बन्धी कारोवार गरेमा वा गर्न खोजेमा वा त्यस्तो व्यवसाय नखोली वा कारोवार बन्द गर्न बाध्य पारेमा निजलाई जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्ने व्यक्ति, समूह, संस्थालाई पहिलो पटक कसुर गरेको भए वीस हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ र दोश्रो पटक देखि पटकै पिच्छे चालिस हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा १७ बमोजिमको प्रकृया नपुऱ्याई व्यावसाय संचालन गरेमा त्यस्तो व्यवसाय गर्ने व्यक्ति, समूह, संस्थालाई एक लाख रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

१९. **शुल्क लगाउन सक्ने** : (१) गाउँपालिकाको पर्यटकीय क्षेत्रको भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकलाई वातावरण तथा सरसफाई सेवा शुल्क लगाइनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क गाउँपालिकाले सालवसाली तयार गर्ने आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

२०. **वार्षिक प्रतिवेदन** : समितिको संयोजकले समितिका काम कारवाहीका वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा दुई महिनाभित्र कार्यपालिका समक्ष प्रस्तुत गर्नुपर्नेछ ।

२१. **अधिकार प्रत्यायोजन** : समितिले आफुलाई प्राप्त अधिकारहरू मध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार कुनै सदस्य वा प्रमुख प्रशाकीय अधिकृत वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्योयाजन गर्न सक्नेछ ।

२२. **खरिद प्रक्रिया** : कोषबाट व्ययभार हुनेगरी सञ्चालन गरिने निर्माण सम्बन्धी कार्य, मर्मत सम्भार सम्बन्धी कार्य, प्रवर्द्धन सम्बन्धी कार्यका लागि आवश्यक सामग्री तथा सेवा खरिद प्रचलित कानून बमोजिम हुनेछ ।

२३. **लेखापरीक्षण** : कोषको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखा परीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

२४. **संशोधन तथा बाधा अड्काउ फुकाउ** : (१) यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिका उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

२५. **यस कार्यविधि बमोजिम हुने** : (१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा संविधान, संघीय कानून, प्रदेश कानून र गाउँपालिकाको अन्य ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर वा खारेजी हुनेछ ।

अपिहिमाल गाउँपालिका

अनुसूची-१

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

<u>पर्यटकीय आवास गृहको वहालका लागि प्रस्ताव माग सम्बन्धी सूचना</u>

यस गाउँपालिकाको वडा नं. ....... को .............................................. स्थित रहेको पर्यटकीय पदमार्गमा पर्ने पर्यटन आवास गृह संचालनका लागि वहालमा दिनु पर्ने भएकाले अपिहिमाल गाउँपालिकाको पर्यटन प्रवर्द्धन, व्यवस्थापन तथा संचालन कार्यविधि, २०८० को दफा ११ को उपदफा (२) बमोजिम सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र वहाल कबोल (बढाबढ) सम्बन्धी प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

अपिहिमाल गाउँपालिका

अनुसूची-२

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

<u>प्रस्तावको ढाँचा</u>

श्रीमान प्रमुख प्रशाकीय अधिकृत ज्यू,

अपिहिमाल गाउँपालिका, दार्चुला ।

विषयः- प्रस्ताव पेश गरिएको बारे ।

उपरोक्त विषय सम्बन्धमा तहाँ कार्यालयको मिति ......................... गते प्रकाशित सूचना अनुसार यस गाउँपालिकाको वडा नं. ....... को .................................. स्थित अपि बेस क्याम्प पदमार्गमा रहेको पर्यटकीय आवास गृहको तपसिल बमोजिमको वहाल कबोलको प्रस्ताव पेश गरिएको जानकारी गराउन चाहन्छु ।

| क्र.सं. | वडा नं. | आवास गृह रहेको स्थान | कबोल गरेको रकम (रू.) | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**निवेदकको**

हस्ताक्षरः

नामः

पदः

ठेगानाः

सम्पर्क नं.

अपिहिमाल गाउँपालिका

अनुसूची-३

(दफा ११ को उपदफा (४) सँग सम्बन्धित)

प्रस्ताव पेश गर्दा संलग्न गर्नु पर्ने कागजातहरू

(क) निवेदन,

(ख) व्यावसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) व्यावसाय नवीकरण प्रमाण पत्रको प्रतिलिपि,

(घ) मूल्य अभिवृद्धि कर/ पानमा दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ङ) करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,

(च) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(छ) अन्य आवश्यक कागजात ।

अपिहिमाल गाउँपालिका

अनुसूची-४

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

## पर्यटकीय आवास गृहको वहाल सम्झौता

लिखितम अपिहिमाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, दार्चुला (**यस पछि पहिलो पक्ष भनिने**) र जिल्ला दार्चुला अपिहिमाल गाउँपालिका वडा नं. ......... बस्ने श्री......................... को छोरा श्री.......................... (**यस पछि दोस्रो पक्ष भनिने**) बीच वडा नं. .......को .......................... स्थित ............... पदमार्गमा रहेका पर्यटन आवास गृहको अपिहिमाल गाउँपालिकाको पर्यटन प्रवर्द्धन, व्यवस्थापन तथा संचालन कार्यविधि, २०८० दफा १२ को उपदफा (४) बमोजिम तपसिलका शर्तहरुको अधिनमा रही पर्यटन आवास गृह वहाल लिन/दिन दुबै पक्ष सहमत भई यो सम्झौता गरी एक/एक प्रति आपसमा बुझिलियौं/दियौं ।

**शर्तहरुः**

(१) पहिलो पक्षले दोस्रो पक्षलाई गाउँपालिकाको वडा नं. ......... को ..................... स्थित रहेको ................. कोठे पर्यटन आवास गृह व्यवसाय तथा व्यवस्थापन गर्नका लागि भवन उपलब्ध गराउनु पर्नेछ ।

(२) दोस्रो पक्षले बँदा नं. १ बमोजिमको पर्यटन आवास गृहको कबोल गरेको वहाल (भाडा) ................... (मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक) रूपमा पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) यो सम्झौता अवधि मिति ................... देखि ................................. कायम रहनेछ ।

(४) दोस्रो पक्षले पर्यटन आवास गृहको उचित रेखदेख, सुरक्षा र संरक्षण गर्ने कर्तव्य र दायित्व हुनेछ ।

(५) दोस्रो पक्षले पर्यटन आवास गृहको सामान्य मर्मत सम्भारको कार्य गर्नुपर्नेछ ।

(६) दोस्रो पक्षले बुदाँ नं. ५ बमोजिमको मर्मत गरे वापत पहिलो पक्षबाट कुनै भुक्तानी पाउने छैन र पहिलो पक्षलाई तिर्नु पर्ने वहाल रकममा घटाई वा कट्टि गर्न पाउनेछैन ।

(७) दोस्रो पक्षले पर्यटन आवास गृहको उचित सरसफाईको प्रवन्ध गर्नुपर्नेछ ।

(८) दोस्रो पक्षलाई पर्यटन आवास गृह वहालमा लिन आवश्यक नभएमा १५ दिन पूर्व लिखित जानकारी दिई सम्झौता रद्द गर्न सक्नेछन ।

(९) यो सम्झौताको विषयमा कुनै बिवाद भएमा दुवै पक्षको आपसी सहमतिमा समाधान गरिनेछ ।

(१०) यस सम्झौतामा उल्लेख भएका कुरा यसै सम्झौता बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

| **दोस्रो पक्षको तर्फबाट** | **पहिलो पक्षको तर्फवाट** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम,थरः ..................... | नाम,थरः ........................ |
| ठेगानाः ............... | पदः ............................ |
| संस्थाको नामः......................... | कार्यालयः........................... |
| छापः ...................................... | |

ईति संवत ............. साल ............ महिना ......... गते रोज .........
शुभम्........................।

प्रमाणिकरण मितिः

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत